Email: info@siddhalekmun.gov.np
website: siddhalekmun.gov.np

# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०७८/०७९
चलानी नं. :- १६८१

मिति : २०७८/११/०५

सुचना । सुचना । सुचना । । ।

## कृत्रिम गर्भाधान कार्यक्रम सुचारु सम्बन्धी सुचना ।

यस सिद्धलेक गाउँपालिकाको पशु सेवा शाखाबाट मिति २०७८ फागुन ५ गते देखी गाईभैंसी तथा बाख्रामा नश्ल सुधारको लागी कृत्रिम गर्भाधानको कार्यक्रम सुरु भएको हुनाले गाई/भैंसीले बाली खोजेको (शुरुको लक्षण देखिएको) १२-१८ घण्टा भित्र र बाख्राले बाली खोजेको २०-४० घण्टा भित्र यस सिद्धलेक गाउँपालिका पशु सेवा शाखामा सम्पर्क गरी कृत्रिम गर्भाधान गराउनु हुन सम्पूर्ण पशुपालक कृषकहरुमा अनुरोध छ।

**कृत्रिम गर्भाधानका फाईदाहरु :**

१. स्थानिय जातबाटै वर्णशंकर (हाईब्रिड) जातको पशु उत्पादन गरी दुध तथा मासु उत्पादन गरी दुध तथा मासु उत्पादन वृद्धि गर्न ।
२. साँढे पाल्ने झन्झट बाट मुक्त हुन ।
३. हाडनाता प्रजनन हुनबाट रोक्न ।
४. संक्रामक रोगहरुबाट बचाउन।

**पशुहरुले साँढे / रागा / बोका खोजेको लक्षणहरु :**

१. चन्चल हुने / कराउने
२. अर्को पशु माथी उक्लने र अर्को पशुलाई उक्लन दिने ।
३. योनीहरु फुल्ने / योनीद्धारबाट पातलो सेप बगाउने बिस्तारै सेप बाक्लो हुदै जाने
४. ढाडमा हात राख्दा शरिर तन्काउने
५. तारान्तर पिसाब फेरीरहने ।

उल्लेखित लक्षण शुरु भएको १२ घण्टा देखी १८ घण्टाको बिचमा पशु सेवा शाखामा सम्पर्क राखी कृत्रिम गर्भाधान गराउनुहुन सम्पूर्ण पशुपालक कृषकहरुमा अनुरोध छ।

**सम्पर्क नं : ९८६०५१८०८५ (सन्तोष श्रेष्ठ, ना.प.से.प्रा.)**

२०७८/११/०५

.........................
नन्दलाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत